# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७८।०३।२७ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

साविक लहँ गा.वि.स.को कार्यालय, जाजरकोटमा तत्कालीन समयमा कार्यरत सचिवसमेतको मिलेमतोमा नेपाल सरकारबाट उपलब्ध गराउने सामाजिक सुरक्षा भत्ता वितरण गर्दा सम्बन्धित व्यक्तिलाई नबुझाई किर्ते हस्ताक्षर ल्याप्चे गरी बुझी भरपाई खडा गर्नुका साथै मृत्यु भइसकेको कतिपय व्यक्तिको नाउँको भत्ता निकासा लिई हिनामिना गरेको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा साविक लहँ गा.वि.स.मा तत्कालीन समयमा सचिव पदमा कार्यरत **दोर्ण प्रसाद पौडेल**ले बिभिन्न आ.व. मा सामाजिक सुरक्षा भत्तावापतको रकम वितरण गर्दा झुठा कागज तयार गरी रु. ५,९३,२००।— सम्बन्धित व्यक्तिहरुलाई नबुझाई अनियमित तवरले खर्च देखाई सरकारी रकम हानिनोक्सानी एवं हिनामिना गरेको पुष्टि हुन आएकोले निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर भएको हुँदा निज दोर्ण प्रसाद पौडेललाई बिगो रु.५,९३,२००।— (पाँच लाख त्रियानव्वे हजार दुई सय रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम सजाय हुन एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम उक्त बिगो रकम निजबाट असुलउपर हुनसमेत मागदाबी लिइएको छ ।

साथै साविक लहँ गा.वि.स.मा तत्कालीन समयमा सचिव पदमा कार्यरत **दिपक सुनार**ले बिभिन्न आ.व. मा सामाजिक सुरक्षा भत्तावापतको रकम वितरण गर्दा झुठा कागज तयार गरी रु.४,४०,४००।- सम्बन्धित व्यक्तिहरुलाई नबुझाई अनियमित तवरले खर्च देखाई सरकारी रकम हानिनोक्सानी एवं हिनामिना गरेको पुष्टि हुन आएकोले निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर भएको हुँदा निज दिपक सुनारलाई बिगो रु.४,४०,४००।—(चार लाख चालीस हजार चार सय रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय हुन एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम उक्त बिगो रकम निजबाट असुलउपर हुनसमेत मागदाबी लिई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८ र ३५ बमोजिम आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
नारायण प्रसाद रिसाल